# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जसपुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
Email info@mandavimun.gov.np
mandavimun2073@gmail.com

## माण्डवी ५ कुटी देखि सिरुवारीसम्म समुहको मागमा आधारित कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०२/०५**

माण्डवी गाउँपालिकाको आ.व. २०७९/०८० को मिति २०७९/१०/१७ गते स्वीकृत कार्यक्रम अनुसार माण्डवी ५ कुटी देखि सिरुवारीसम्म समुहको मागमा आधारित कार्यक्रम संचालन प्रयोजनार्थ पशु सेवा तर्फ आय आर्जनमा वृद्धि हुने तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले माण्डवी गाउँपालिका वडा नं. ५ कुटी देखि सिरुवारी सम्मका गाउँपालिकाका इच्छुक कृषक समूहहरुबाट सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र (मिति २०८०/०२/११ गते भित्र) यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क.स | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १. | ऊन्नत जातका बोका खरिद कार्यक्रम | उन्नत जातका बाख्रा उत्पादनमा टेवा पुर्याउन तथा प्रवर्धन गर्न ऊन्नत जातका बोका खरिदमा अनुदान सहयोग | उन्नत जातका बोका खरिदमा अनुदान दिइनेछ । स्थल प्राविधिक, भौगोलिक तथा दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ । गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनुपर्ने । न्युनतम १० वटा माउ बाख्रा पालन गरेको हुनुपर्ने । | माण्डवी गाउँपालिका वडा नं. ५ कुटी देखि सिरुवारी सम्मका टोल बस्ति | प्रति बोका खरिदका लागि रु २०,००० को दरले अनुदान |
| २. | बाख्राको खोर मर्मत कार्यक्रम | उन्नत जातका बाख्रा उत्पादनमा टेवा पुर्याउन तथा प्रवर्धन गर्न खोर मर्मत कार्यक्रममा अनुदान सहयोग | खोर मर्मतमा अनुदान दिइनेछ । स्थल प्राविधिक, भौगोलिक तथा दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ । गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनुपर्ने । न्युनतम ७ वटा माउ बाख्रा पालन गरेको हुनुपर्ने । | माण्डवी गाउँपालिका वडा नं. ५ कुटी देखि सिरुवारी सम्मका टोल बस्ति | प्रति खोर मर्मतका लागि रु.२०,००० को दरले अनुदान |
| ३. | पशु आहारा वितरण कार्यक्रम | पशुको वृद्धि विकास तथा प्रजनन् क्षमताको लागि मिनरल ब्लक, मल्टी भिटामिन आदी खरिदमा अनुदान सहयोग | समूहमा आवद्ध भएका कृषकहरुलाई समुहको निर्णय अनुसार वितरण गर्नु पर्नेछ | माण्डवी गाउँपालिका वडा नं. ५ कुटी देखि सिरुवारी सम्मका टोल बस्ति | शत प्रतिशत अनुदान |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. निवेदन ।
२. इस्टिमेट तथा लागत अनुमान सहित विस्तृत प्रस्ताव ।
३. सम्बन्धित निकायमा कृषि तथा पशुपालन समूह दर्ता तथा नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।
४. प्रस्तावित कार्यक्रम बारे बैठकको निर्णय प्रतिलिपि ।
५. समुहको अध्यक्षको नागरिकताको प्रतिलिपि ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

नोटः थप जानकारीको लागि माण्डवी गाउँपालिका पशु सेवा शाखा देवीस्थान प्यूठानमा सम्पर्क गर्नुहुन ।
(९८५७८२०१६४, ९८४७९७४३१०)

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत